नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाडौं

(स्थानीय तह समन्वय शाखा)

पत्र सं.:-२०८१/०८२

चलानी नं.:- ४६४

मिति:२०८१।१०।२१

श्री नगरपालिका (सबै)

श्री गाउँपालिका (सबै)

विषयः सरकारी जग्गा उपयोग तथा निजी जग्गा प्राप्ति सम्वन्धमा ।

प्रस्तुत विषयमा स्थानीय तहको पूर्वाधार आयोजना सञ्चालन गर्न नेपाल सरकारको नाममा रहेको कुनै सरकारी जग्गा उपयोगको लागि आवश्यक भएमा सरकारी जग्गा दर्ता उपयोग तथा लिजमा उपलव्ध गराउने सम्वन्धी कार्यनीति,२०७९ को दफा ४ (२) ग वमोजिमको सिफारिस एवं जग्गा प्राप्ति ऐन, २०३४ को दफा ३क. बमोजिम निजी जग्गा प्राप्तिको लागि नेपाल सरकारको स्वीकृति लिनु पर्ने सम्वन्धमा तपशिलमा उल्लिखित कागजात सम्वन्धित गाउँ/नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतबाट प्रमाणित गराई सक्कल फाईल तयार गरी यस मन्त्रालयको स्थानीय तह समन्वय शाखामा पेश गर्नुहुन निर्णयानुसार अनुरोध छ ।

तपशिल

| सरकारी जग्गा दर्ता उपयोग तथा लिजमा उपलव्ध गराउने सम्वन्धी कार्यनीति, २०७९ को दफा ४ (२)ग वमोजिम सिफारिसको लागि आवश्यक कागजातहरु | जग्गा प्राप्ति ऐन, २०३४ को दफा ३क. बमोजिम निजी जग्गा प्राप्ति गर्न नेपाल सरकारको स्वीकृतिको लागि आवश्यक कागजातहरु |
|---|---|
| १.नेपाल सरकारको नाममा धनीपुर्जा कायम गरिएको जग्गा धनी प्रमाणपत्र र सम्वन्धित जिल्लाको नापी कार्यालयबाट जारी गरिएको जग्गाको ट्रेस नक्सा | १.निशुल्क जग्गा प्राप्तिको लागि गाउँ/नगरपालिकाबाट जारी गरिएको सूचनाको प्रति |
| २.सरकारी जग्गा उपयोग गर्ने सम्वन्धमा गाउँ/नगर कार्यपालिकाको निर्णय | २.तोकिएको समयमा निशुल्क जग्गा प्राप्ति हुन नसकेमा स-शुल्क जग्गा उपलव्ध गराउने सूचनाको प्रति |
| ३.परियोजनाको संक्षिप्त विवरण | ३.स-शुल्क जग्गा दिन मन्जुर व्यक्तिको आवेदन र मञ्जुरीनामा |
| ४.फोहोरमैला व्यवस्थापन, वातावरण तथा जैविक विविधता र स्थानीय समुदायलाई लाई प्रत्यक्ष असर पर्ने परियोजनको हकमा प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन र जग्गा सँग सीमा जोडिएका स्थानीय वासिन्दाको मन्जुरीनामा | ४.खरिद गर्ने जग्गा धनी प्रमाणपत्र र सम्वन्धित जिल्लाको नापी कार्यालयबाट जारी गरिएको जग्गाको ट्रेस नक्सा |
| ५.माथि उल्लिखित कागजात सम्वन्धित गाउँ/नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतबाट प्रमाणित गरी मन्त्रालयलाई अनुरोध गरिएको पत्र | ५.जग्गा खरिदको लागि गाउँ/नगर सभाबाट बार्षिक वजेटमा रकम विनियोजन सुनिश्चितता गरिएको कागजात |
| | ६.परियोजनाको संक्षिप्त विवरण |
| | ७.जग्गाको क्षेत्रफल किटान गरी जग्गा खरिद गर्ने सम्वन्धी गाउँ/नगर कार्यपालिकाको निर्णय |
| | ८.नेपाल सरकारको स्वीकृतिको प्रकृयाको लागि मन्त्रालयलाई अनुरोध गरिएको पत्र |

बोधार्थ

श्री सूचना प्रविधि शाखा वेवसाईटमा अपलोड गरिदिनुहुन

२०८१।१०।२१

प्रकाश पन्थी

शाखा अधिकृत

सिंहदरबार, काठमाण्डौं फोन नं.- ४२००३०४

ईमेल:- cmmofald@gmail.com/ local.level.coordination@mofaga.gov.np

वेवसाईट:- www.mofaga.gov.np